स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म 'लालीबजार' को दोस्रो गीत 'मिठो संसार' सार्वजनिक गरिएको छ। फिल्मका दृश्यहरूलाई समावेश गरेर तयार गरिएको गीतमा समीक्षा अधिकारीसँगै दिलिजा रुवाली, अलिशा शर्मा र पूर्णिमा तामाङको स्वर छ। गायत्री राना मगरको स्वर सुन्न सकिन्छ। पहिलो गीत 'मायालाई के दिऊँ म बैना' लाई युट्युबमा भ्यूज एक करोड बढी भ्यूज प्राप्त भएपछि निर्माण पक्षले दोस्रो गीत सार्वजनिक गरेको हो।

**आजको विचार...**



राजनीतिको... *(दुई पेजमा)*

विद्या भट्टराई



गायिका एलिना चौहान पछिल्लो समयकी सफल र सर्वाधिक व्यस्त गायिका हुन्। देशका सुगमदेखि कुना-कन्दरासम्म आयोजना हुने मेला-महोत्सवमा उनको उपस्थिति अनिवार्य जस्तै बनेको छ। स्टेजमा उनको प्रस्तुति हेर्न हजारौंको भिड उर्लिन्छ। सुगम सङ्गीतदेखि लोक पपसम्मका गीतमा स्वर दिएकी उनका 'धोकेबाज', 'क । हान्दिन्छु', 'मिनरल वाटर' जस्ता थुप्रै गीत हिट छन्। कार्यक्रममा भने दर्शकले विशेष गरेर 'धोकेबाज', 'क । हान्दिन्छु' जस्ता वियोगात्मक गीत बढी सुन्न रुचाउँछन्।

❐ वर्ष ३१ ❐ अंक २४९ ❐ २०८२ चैत २४ गते मंगलबार 7 April 2026, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# स्काउट विद्यार्थी 'साहसिक' गतिविधिमा

## विपद्को समयमा प्रतिकार्य र राहतमा जुट्न तयारी गर्दै

**हाम्रा संवाददाता**

**पाल्पा,** चैत २३/आजभोलि स्कुल तथा मठमन्दिरमा हरियो ड्रेसमा बालबालिका देखिन्छन् । हरियो ड्रेसमा सजिएका बालबालिका लाइन मिलाउनेदेखि हातमा झाडु बोकेर सरसफाइ गरेको देखिन्छ । झट्ट हेर्दा कतिपयले यी बालबालिका को हुन् भन्ने थाहा नहुन सक्छ तर ती बालबालिका हुन् स्काउट विद्यार्थी । सबै विद्यार्थीमा यसो गरिएको पाइँदैन् । स्काउट भन्नेबित्तिकै कतिपयले मन्दिरको भिडभाडमा लाइन मिलाउने भनेर मात्र बुझ्छन् तर स्काउट त्यतिमै मात्र सीमित छैन ।

कोही समस्यामा छन् र असहज स्थिति झेलिरहेका छन् भने उनीहरूलाई सहयोग गर्न उनीहरू तत्पर हुन्छन् । तिनै विद्यार्थीहरु यति बेला विपद्को समयमा प्रकार्य र राहतमा जुट्ने तयारीका लागि साहसिक गतिविधिमा संलग्न हुन थालेका छन् । पाल्पाको रामपुर नगरपालिका भित्रका विद्यार्थीहरुलाई स्काउट साहसिक क्रियाकलापमा सहभागी गराइएको छ । विपद्को समयमा प्रतिकार्य र सहयोगका लागि क्षमताको विकास गर्ने उद्देश्यले स्काउटमा आवद्ध नगर भित्रका विद्यार्थीहरुलाई ३ दिने स्काउट साहसिक क्रियाकलापमा सहभागी बनाइएको हो । आइतबार देखि शुरु भएको सो कार्यक्रममा रामपुर नगरपालिकाभित्रका ११ विद्यालय ३ सय ३० जना



विद्यार्थीहरुको सहभागिता रहेको छ । स्थानीय स्काउट कार्यालय रामपुरको आयोजना र रामपुर नगरपालिकाको आर्थिक सहयोगमा सहासिक क्रियाकलाप भएको हो । विपदको समयमा समस्याको समाधान र राहतका लागि विद्यार्थीहरुमा गराइएको साहसिक क्रियाकलापले महत्वपूर्ण भूमिका निर्वाह गर्ने रामपुर नगरपालिकाका नगर प्रमुख रमण बहादुर थापाले बताए । उनले भने "विद्यार्थीहरुको अनुशासन र नेतृत्व क्षमता विकाससँगै सामाजिक भावनाको विकासमा स्काउटको भूमिका महत्वपूर्ण रहन्छ ।" स्काउटको माध्यमबाट विद्यार्थीहरुलाई नैतिकवान, चरित्रवान र व्यवहारिक बनाउन आवश्यक रहेको उनले उल्लेख गरे । थापाले भने "अनुशासनको विकास,चरित्रवान, नैतिकवान र सफल समाज निर्माण गरि समुन्नत रामपुर निर्माणका लागि स्काउट आवश्यक छ ।" उनले विपद्को समय वा अन्य हरेक समयमा मानिसलाई सहयोग गर्ने अर्धसैनिक संस्था स्काउट भएको भन्दै सकारात्मक सोँच र उच्च आत्मबलका साथ नगरवासीलाई सहयोग गर्न आग्रह समेत गरे ।

*-बाँकी अन्तिम पेजमा...*

## संक्षिप्त समाचार

### हवाई आक्रमणमा कम्तीमा १३ को मृत्यु

(रासस/सिन्ह्वा)

**काबुल,** चैत २३/इस्लामशहरमा सोमबार बिहान भएको हवाई आक्रमणमा कम्तीमा १३ व्यक्तिको मृत्यु भएको छ र धेरै अन्य घाइते भएका छन् । फर्स समाचार एजेन्सी र नूर न्यूजका अनुसार, आक्रमण स्थानीय समय अनुसार बिहानै एक आवासीय भवनमा परेको थियो । यस घटनाले क्षेत्रीय बासिन्दा र परिवारहरूमा भय र त्रास मच्चाएको छ । आक्रमणको उद्देश्य अहिलेसम्म स्पष्ट छैन । यसमा संलग्न पक्षको जिम्मेवारी सार्वजनिक गरिएको छैन, र इजरायल तथा संयुक्त राज्य अमेरिका ले यसबारे कुनै टिप्पणी गरेका छैनन् । सुरक्षा अधिकारीहरूले घटनास्थलको नियन्त्रण लिएका छन् र घाइतेहरूको उपचारका लागि उद्धार कार्य तीव्र बनाइएको छ । घटनास्थलमा स्थानीय प्रशासन, सुरक्षा बल र स्वास्थ्य टोलीले राहत तथा खोजकार्यलाई प्राथमिकता दिएका छन् । विशेषज्ञहरूले जनाएका अनुसार आवासीय क्षेत्रलाई लक्षित गरेको हवाई आक्रमण अन्तर्राष्ट्रिय मानवअधिकार र युद्ध कानूनको दृष्टिले संवेदनशील विषय हो । नागरिक जनसङ्ख्यामा प्रत्यक्ष असर पर्ने यस प्रकारको हमला दीर्घकालीन सामाजिक र मनोवैज्ञानिक प्रभावहरू पनि पार्न सक् । यो आक्रमण अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प द्वारा हर्मुज जलडमरू पुन: खोल्न नसके 'नरक खोलन' धम्की दिएका केही घण्टापछि भएको हो । यसले क्षेत्रीय तनाव बढाएको र अन्तर्राष्ट्रिय स्तरमा पनि चेतावनी सङ्केत दिएको छ ।

## ट्याक्टर दुर्घटना हुँदा चालकको मृत्यु



**पाल्पा,** चैत २३/जिल्लाको रामपुर नगरपालिका-३ गैलुकमा ट्याक्टर दुर्घटना हुँदा चालकको मृत्यु भएको छ । सोमबार विहान बारी जोत्ने क्रममा ट्याक्टर पल्टिएर दुर्घटना हुँदा चालक रामपुर नरपालिका -४ बाङ्गेपसलका ५२ वर्षीय टेक बहादुर आलेको मृत्यु भएको हो ।

स्थानीय दुर्ग बहादुर मल्ल ठकुरीको बारी जोत्दै गरेको लु ३ त ७२५ नम्बरको ट्याक्टर घुमाउने क्रममा अचानक बारीमै पल्टिन जाँदा आलेलाई ट्याक्टरले च्यापेर ज्यान गएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक होम प्रकाश चौधरीले जानकारी दिए । घटनाको विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## लुम्बिनी प्रदेश सभा बैंठक : संघीय सरकारप्रति सांसदहरुको गुनासो

**हाम्रा संवाददाता**

**दाङ,** चैत २३/लुम्बिनी प्रदेश सभाको सातौं अधिवेशनअन्तर्गत छैठौं बैठकमा अधिकासं प्रदेश सांसदहरुले संघीय सरकारप्रति गुनासो गरेका छन् । उनीहरुले समसामयिक राजनीति, सुशासन, विकास र सेवा प्रवाहका विषयमा गुनासो गरेका हुन् ।

उनीहरुले संघीय सरकारले प्रतिशोधपूर्ण व्यवहार देखाएको गुनासो गरेका छन् । प्रदेश सांसदहरुले वर्तमान परिस्थितिलाई ऐतिहासिक मोडको रूपमा चित्रण गर्दै राष्ट्रियता र सार्वभौमसत्तामाथि प्रहार भइरहेको आरोप लगाए । उनीहरुले भदौ २३ र २४ गतेका आन्दोलनलाई सही रूपमा नबुझिए मुलुक पुन: अस्थिरतातर्फ धकेलिने चेतावनी दिए । संसद् भवनमा आगजनीजस्ता घटना आधुनिक सभ्य समाजका लागि



अस्वीकार्य रहेको उल्लेख गर्दै उनीले यस्ता घटनामा संलग्न व्यक्तिको पहिचान र उद्देश्यबारे गम्भीर प्रश्न उठाए । बैंठकमा प्रदेश सभा सदस्य वीरबहादुर रानाले नयाँ सरकार गठनप्रति बधाई दिँदै पुराना दलहरूले केही नगरेको भन्ने भाष्य गलत भएको बताए । २०४६ सालपछि विकासको आधार तयार भएको उल्लेख गर्दै उनले संघीयताको मर्मअनुसार काम हुन नसकेको गुनासो गरे ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## विश्व स्वास्थ्य दिवस र यसको सार्थकता

विश्व स्वास्थ्य दिवस हरेक वर्ष अप्रिल ७ मा मनाइने विश्वव्यापी स्वास्थ्य सचेतना दिवस हो । सन् १९४८ मा विश्व स्वास्थ्य सङ्गठनको स्थापना भएको दिन र विश्वभरका मानिसहरूले सामना गरिरहेका महत्वपूर्ण स्वास्थ्य समस्याहरूको बारेमा चेतना जगाउन यो दिवस मनाइन्छ । सन् १९४८ मा विश्व स्वास्थ्य सङ्गठनले पहिलो विश्व स्वास्थ्य सम्मेलन आयोजना गरेको थियो । सभाले सन् १९५० देखि लागू हुने गरी प्रत्येक वर्षको अप्रिल ७ लाई विश्व स्वास्थ्य दिवसका रूपमा मनाउने निर्णय गरेको थियो । विश्व स्वास्थ्य दिवस यस कारणले विश्व स्वास्थ्य सङ्गठन को स्थापनाको रूपमा मनाइन्छ, र यो सङ्गठनले हरेक वर्ष विश्वव्यापी स्वास्थ्यको लागि महत्वपूर्ण विषयहरूमा विश्वव्यापी ध्यान आकर्षित गर्ने अवसरको रूपमा प्रयोग गरिन्छ ।

यद्यपी दिवस हरेक वर्ष हरेक पटक मनाउने गरेपनि स्वास्थ्य चुनौति भने झन् बढ्दो रहेको छ । वर्तमान समयमा खराब र अस्वस्थकर जीवनशैली र खानपानले शरीरमा विभिन्न रोग देखापर्ने गरेका छन् । स्वस्थ शरीरले मात्रा हामी सुन्दर जीवनको परिकल्पना गर्न सक्छौं । त्यसका लागि व्यक्ति स्वयमले नै स्वास्थ्यलाई कस्तो राख्ने भन्ने कुरा आफैमा निर्भर रहन्छ । स्वास्थ्य शरीरको कल्पना सन्तुलन खानाबिना अधुरो छ । हामीले खाने खानपानले नै हाम्रो शरीर कस्तो हुने निर्धारण गर्छ । अर्कोतर्फ व्यायाम र योगले समग्र स्वास्थ्य अवस्थामा सुधार गर्दछ । यसले हाम्रो मांसपेशीलाई ठिक राख्छ भने शरीर तन्दुरुस्त र फूर्तिलो बनाउँछ । स्वस्थ शरीरका लागि मानसिक स्वास्थ्य पनि स्वस्थ हुन आवश्यक छ । मानसिक स्वास्थ्य स्वस्थ हुन हाम्रो सोच सकारात्मक हुनुपर्छ । त्यसैले स्वास्थ्य शरीरका लागि व्यक्तिको सोंच पनि सकारात्मक चाहिन्छ । व्यक्तिको मनमा शान्ति, तनाव, चिन्ता भएमा यसले विभिन्न रोगको सिकार बनाउँछ । सकारात्मक चिन्तनले व्यक्तिको मनमा यस्ता विचलन आउन पाउँदैन् । अधिकांस मानिसहरुमा यी कुराहरुको ज्ञान र जानकारी नहुँदा पनि अस्वस्थकर जीवन बाच्नु परेको छ । उनीहरुलाई यस्ता विषयहरुमा सचेतना जगाउन सकियो भने मात्र पनि स्वास्थ जीवन जीउन मद्धत पुग्ने मात्र होइन हरेक वर्ष मनाउने विश्व स्वास्थ्य दिवसले समेत सार्थकता प्राप्त गर्दछ ।

### Opinion @ Social Network

आफू राम्रो गर्नुस् ।।
अरुलाई गलत भन्दा हजुरको मुल्याङ्कन पनि त गर्छ्रन मान्छेहरु...
*(कमल सारुको फेसबुक स्टाटसबाट www.facebook.com/Kamal.Saru)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# राजनीतिको परिवर्तित भाष्य



## विद्या भट्टराई

*राजनीतिक नेता र कार्यकर्ताहरूको जीवन व्यवहारबाट उन्नत संस्कृति निर्माण गर्न सक्दा राजनीतिप्रतिको आम जनविश्वास कायम रहन्छ। नेपालको संविधानले समानुपातिक समावेशितालाई राजनीतिक संस्कृतिको रूपमा व्याख्या गरेको छ । असल राजनीति त्यतिवेला मात्र निर्माण हुन्छ जतिबेला राजनीतिक सन्तुलनका आधारमा तयार भएका दस्तावेजहरूमा लिखित मान्यताहरू राजनीतिक जीवन प्रणालीमा व्यावहारिक प्रयोग हुन्छ ।*

राजनीति नीति, नेतृत्व, अवसर, पहुँच, दलहरू बीचको प्रतिस्पर्धा र राज्यको संरचनागत सम्बन्धको समुच्च रूप हो । हामीकहाँ लामो समयसम्म राजनीतिलाई बुझ्ने मुख्य भाष्य दलको प्रभाव र दलीय संगठनहरूको निर्माणमा रह्यो । राज्य, सरकार र दलहरू बीचको भिन्नतालाई परिभाषित गर्न नसकेका कारण राजनीतिक प्रणालीले नयाँ पुस्तालाई राज्य प्रणालीमा समावेश गर्न अक्षम भएको महसुस भयो । यसैको फलस्वरुप, राजनीतिको मूलधारमा रहेका पुराना दलहरूमा सीमित नेताहरूको शासकीय प्रणालीबाट शासित हुनुपर्ने अवस्था सिर्जना गर्‍यो। संविधान निर्माणपछि शासकीय स्वरुप, संविधानको सर्वोच्चता र नागरिकले प्राप्त गरेको मौलिक हकको कार्यान्वयनका लागि राज्य सक्षम बन्नुपर्ने अनिवार्य शर्त थियो। यो शर्तलाई राजनीतिक शक्ति सन्तुलन र पारस्परिक भूराजनीतिक सम्बन्धका आधारमा सञ्चालन गर्नुपर्ने जिम्मेवारी राज्यको नेतृत्व तहमा थियो। त्यति मात्र थिएन केन्द्रीकृत शासनव्यवस्था र वंशीय राजनीतिको अन्त्यपछि निर्माण गरिएको संघीय लोकतान्त्रिक गणतन्त्रप्रति अधिकतम अपेक्षा नागरिकमा थियो । राजनीति केवल राज्यका प्रशासन बीचको मात्र सम्बन्ध होइन । लोकतन्त्रमा राजनीतिको मुख्य स्रोत नागरिक हुने गर्दछन् । नागरिकको जीवन सञ्चालनमा राज्यले गर्ने सहजीकरणले मात्र राज्य र नागरिक बीचको अन्तरसम्बन्ध कायम गर्दछ। यही अन्तरसम्बन्धका आधारमा राज्य निर्माणको बृहत् स्वरुप निर्माण हुन्छ । लोकतान्त्रिक प्रणाली राज्य व्यवस्थाको एकीकृत रूप हो तर नागरिक कर्तव्यबोधका लागि नागरिक समाज र सामाजिक धारहरूको बीचमा अन्तरसम्बन्ध निर्माण गर्नु पनि राजनीतिको अर्को महत्वपूर्ण पक्ष हो ।

**नागरिकको सोचमा परिवर्तन**

आम नागरिकको राजनीतिक चेतमा आउने परिवर्तन नै राजनीतिको 'पाराडाइम सिफ्ट' बन्न पुग्दछ। सिद्धान्त, वाद, विचार र अवधारणा राजनीति हो भन्ने मान्यताबाट दृष्टिकोण हो भन्ने मान्यतामा नागरिक सोच परिवर्तित भएको छ ।

समाजमा घट्ने विविध घटनालाई हेर्ने दृष्टिकोण र नागरिकहरूको सुरक्षाका सवालमा गरिने निर्णयहरूले राजनीतिक दल र सिंगो राज्य प्रणाली प्रतिको नागरिक विश्वास पैदा गर्ने गर्दछ । समाज विज्ञानको फराकिलो ज्ञान, प्रविधिको विकास, सूचनाको पहुँच र सामाजिक सञ्जालले निर्माण गरेको अवधारणाले नागरिकको सोच्ने क्षमतामा भिन्नता मात्र होइन आम रूपमा परिवर्तन आएको छ। क्रान्ति, आन्दोलन, परिवर्तन र छलाङ जस्ता शब्दहरू हिजो राजनीतिका मुख्य शब्दावली बन्ने गर्दथे भने आज यी सबै शब्दहरू सिफ्ट भन्ने एउटा शब्दमा रूपान्तरित भएको छ । रूपान्तरण र पुस्तान्तरण लोकतन्त्रको आधारभूत पक्ष हो। यो मान्यता दलहरूभित्र अनुसरण हुनुपर्दछ भन्ने सवाल आम नागरिकको आवाज बनेको थियो । यो सवाल आजको पुस्ताले मात्र होइन सबै उमेर समूहका नागरिकहरूले विगतको राजनीतिसँग आश गरेको महत्वपूर्ण पक्ष हो । यो प्रक्रिया दलहरूका संगठन प्रणालीभित्र अनुसरण हुन नसक्दा केवल नारामा सीमित बन्न पुग्यो र यसले आम रूपमा नागरिकमा नैराश्यता सिर्जना गर्न पुग्यो । राजनीतिले समाजको रूपान्तरण गर्न सक्दछ भन्ने स्थापित सत्यता आम नागरिकमा कायम छ । यो सत्यतालाई राजनीतिक दलहरूको सांगठनिक जीवनमा प्रमाणित गर्न नसक्दा समाजले निर्माण गरेका विविध आयाम र नयाँ चुनौतीको सामना गर्ने सामर्थ्य कमजोर हुँदै गएको महसुस आम नागरिकमा भयो । यही सामाजिक मान्यताका कारण हिजोका प्रमुख धारमा रहेका राजनीतिक शक्तिहरूको प्रभाव कमजोर बन्न पुग्यो । लोकतान्त्रिक प्रणालीमा प्रश्न गर्नु नागरिकको हक हो । प्रश्नहरूलाई विरोधको स्वरका रूपमा व्याख्या गर्ने शासकीय सोचका कारण राजनीतिक शक्ति र नागरिकको बीचमा संवादहीनता निर्माण गर्ने गर्दछ। राजनीतिलाई एकांकी सोचको आधारमा मात्र बुझ्ने र व्याख्या गर्ने प्रवृत्तिमा आम नागरिकले परिवर्तन खोजेका छन् ।

**मुद्दाहरूको प्राथमिकीकरण**

हाम्रो राज्यव्यवस्था परिवर्तनमा आन्दोलन नै मुख्य प्रक्रिया बन्ने गरेको छ । हरेक आन्दोलनलाई उपलब्धिपूर्ण बनाउन राजनीतिक दलहरूको भूमिका अग्रणी रहेको छ । आन्दोलनबाट प्राप्त उपलब्धिको संरक्षण गर्दै समयमा नै आन्दोलनले पहिचान गरेको विभेद र द्वन्द्वको व्यवस्थापन गर्नुपर्ने भूमिकाबाट भने हिजो जिम्मेवारीमा रहेका प्रमुख दलहरू चुकेका छन् । हरेक राजनीतिक र सामाजिक आन्दोलन निश्चित मुद्दा, संरचनागत प्रवृत्ति र नागरिकको जीवन व्यवहारमा देखिएका समस्याबाट निर्माण हुने गर्दछन् । आन्दोलनबाट सिर्जित परिवर्तनका एजेन्डाहरूलाई राज्यव्यवस्थाले प्राथमिकताका साथ निश्चित समयसीमाभित्र सम्बोधन गर्न नसक्दा राज्य र समाज बीच थप असन्तुष्टि उत्पन्न हुने गरेको छ । २००७ सालदेखि २०६२/६३ सम्मको आन्दोलनलाई विश्लेषण गर्दा यी आन्दोलनहरू मूल रूपमा राज्यव्यवस्था परिवर्तनमा केन्द्रित थिए । संविधान निर्माणलाई पछिल्लो आन्दोलनले प्राथमिकता दियो र आन्दोलनका मर्म र मुद्दाहरूलाई संविधानमार्फत सम्बोधन गर्ने प्रयास भयो । बलियो र सार्वभौम सरकार मार्फत नागरिकका मौलिक हकको कार्यान्वयन गर्ने म्यान्डेट सरकारले प्राप्त गरे पनि नेतृत्वकर्ता दलहरूभित्र नेतृत्व बीच हुने शक्ति संघर्षका कारण नागरिकका मुद्दाहरूको प्राथमिकीकरण हुन सकेन । नागरिकको प्राथमिकता र दलहरूको कार्यशैलीमा देखिएको भिन्नताले अन्ततः नागरिकहरू दलीय स्वरुपसँगै आक्रोशित बन्ने स्थिति तयार भयो । भौतिक विकासलाई विकासको मुख्य आयाम मान्दा सामाजिक र मानवीय विकासका पक्षहरू राज्यको मूलधारबाट बाहिरिएर शीर्षकमा मात्र सीमित बन्न पुगे। आप्रवासनलाई भूमण्डलीकरणको प्रभाव र सामाजिक प्रक्रियाको रूपमा बुझ्ने मात्र होइन, राज्यका नेतृत्व तह-तप्का नै यो प्रक्रियामा सहभागी हुने अभ्यासले राष्ट्रिय भावलाई कमजोर बनाउन भूमिका खेल्यो । श्रम तथा शिक्षाका लागि हुने मानव र पूँजी पलायनले राज्य निर्माणको अभियानलाई सार्थक बनाउन सकेन । साथै, कोभिड १९ को महामारीपछि मुख्य शहरहरूमा बसोबास गरिरहेका, व्यक्तिगत सम्पत्तिको अभाव नभएका, आफ्नो व्यवसायमा क्रियाशील र हैसियत प्राप्त व्यक्तिहरूको सिंगो परिवार विदेश पलायन हुने क्रम व्यापक हुँदा आम निराशा पैदा गर्‍यो । आम नागरिकमा उत्पन्न निराशाको सम्बोधनका लागि नीतिहरूको प्राथमिकीकरण गर्न नसक्नु मात्र प्रमुख कारण बनेन, नीतिहरूको कार्यान्वयनका लागि नेतृत्व प्रदान गर्न समेत तत्कालीन नेतृत्व अक्षम छ भन्ने भाष्य नागरिक तहमा निर्माण भयो । त्यसैले अबको राजनीतिले युवा पुस्ताको नेतृत्वमा भएको आन्दोलन र यस आन्दोलनले उठाएका मुद्दाहरूलाई आगामी राजनीतिको रोडम्याप बनाउनु अनिवार्य छ । राजनीतिक संस्कृतिमा जोड हाम्रो राजनीतिक अभ्यासमा सांस्कृतिक पक्षका वारेमा व्यापक चर्चा र सार्वजनिक बहस शुरु भएको छ । जनप्रतिनिधिहरूले संविधानको मार्गदर्शन र कानूनको परिपालना कति गर्ने गर्दछन् भन्ने आधारमा नागरिकहरूले राजनीतिक दलहरूको मूल्यांकन गर्ने क्रम शुरु भएको छ । राजनीतिक संस्कृतिले राजनीतिक दल, नेता र सम्पूर्ण जनप्रतिनिधिहरूको आचरण, व्यवहार र नियतलाई जनसमक्ष प्रस्तुत गर्दछ र यसैका आधारमा नागरिकहरूको राजनीतिप्रतिको दृष्टिकोण र मान्यता निर्माण हुन्छ । राजनीतिक संस्कृतिको विकासका मुख्य स्रोत राजनीतिक दलहरू हुन् भने कर्ताका रूपमा दलका नेता, कार्यकर्ता र जनप्रतिनिधिहरू हुने गर्दछन् । राजनीतिक संस्कृति हरेक राजनीतिक कर्मीहरूको मानसिकता र व्यवहारमा देखिनुपर्दछ, जसले राजनीतिप्रति आम नागरिकको सकारात्मक झुकाव निर्माण गर्न सहज हुन्छ । राजनीतिमा कुनै लाञ्छना र आरोप लाग्यो भने तुरुन्तै सत्यतथ्य पुष्टि गरी शंका निवारण गर्ने संस्कारको अभावका कारण राजनीतिलाई अपारदर्शी खेलको रूपमा बुझ्ने र व्याख्या गर्ने प्रचलन हावी छ । लोकतान्त्रिक व्यवस्थाको सुदृढीकरणका लागि राजनीतिक संस्कृतिको परिभाषा मात्र पर्याप्त हुँदैन । राजनीतिक नेता र कार्यकर्ताहरूको जीवन व्यवहारबाट उन्नत संस्कृति निर्माण गर्न सक्दा राजनीतिप्रतिको आम जनविश्वास कायम रहन्छ। नेपालको संविधानले समानुपातिक समावेशितालाई राजनीतिक संस्कृतिको रूपमा व्याख्या गरेको छ । हामीले राजनीतिक अभ्यासलाई हेर्‍यौं भने संकुचित र पराश्रित संस्कृति अवलम्बन भइरहेको देखेका छौं । असल राजनीति त्यतिवेला मात्र निर्माण हुन्छ जतिबेला राजनीतिक सन्तुलनका आधारमा तयार भएका दस्तावेजहरूमा लिखित मान्यताहरू राजनीतिक जीवन प्रणालीमा व्यावहारिक प्रयोग हुन्छ । सुशासन सहितको जनपक्षीय सरकार र राज्यका संयन्त्रहरूको प्रणालीगत परिचालन नै आजको राजनीतिक संस्कृतिको मूल मर्म हो । बहुलता र विविधता सहितको समाज व्यवस्थालाई नेतृत्व गर्ने राज्यप्रणालीको परिकल्पनालाई व्यवहारमा प्रदर्शित गर्नुपर्ने अनिवार्य दायित्व सहितको राजनीतिक संस्कृति आजको अपरिहार्य विषय हो।

**निष्कर्ष :** लामो समयसम्म एकै धारबाट अगाडि बढिरहेको राजनीतिमा नयाँ पुस्ताको अर्थपूर्ण सहभागिता हुनु राजनीतिभित्रको नेतृत्व निर्माणमा आएको परिवर्तित रूप हो । राज्यको महत्वपूर्ण अंग व्यवस्थापिकामा देखापरेको यो संख्यात्मक आकारले राजनीतिभित्रको पुस्तान्तरणको बहसलाई केही सार्थक बनाउन भूमिका खेलेको छ । पुस्तान्तरणसँगै सहकार्य र समन्वयको संस्कृति निर्माण गर्न सक्दा मात्रै राज्य प्रणालीले स्थायित्व प्राप्त गर्न सक्दछ । अव्यावहारिक र उल्झन दिने कानूनहरूको खारेजीका साथै तजबिजी अधिकारको प्रयोग गर्ने गरी बनाइएका दफा र उपदफाहरूको संशोधन समयमा गर्न सक्दा मात्र नागरिकमैत्री राजनीति र राज्यप्रणालीको निर्माण गर्न सकिन्छ ।

***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२११९९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६००
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०७९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

- **मेष** : दोहोराएर काम गर्दा सफलता मिल्नेछ। विश्वास पात्रबाट सहयोग पाइनेछ।
- **वृष** : आय आर्जनका नयाँ स्रोतहरू फेला पर्नेछन्। साझेदारी व्यापारमा लाभ मिल्नेछ।
- **मिथुन** : दाम र प्रतिष्ठा कमाउन सकिनेछ। पारिवारिक र वैचारिक मतभेद सुल्झिनेछ।
- **कर्कट** : सन्तानको प्रगतिले मन प्रसन्न रहनेछ। सिर्जनात्मक क्षेत्रमा प्रगति हुनेछ।
- **सिंह** :नकारात्मक प्रभाव बढ्ला। स्वास्थ्यलाई लिएर सावधान रहनुहोला।
- **कन्या** : मनको डर उत्साहमा परिवर्तित हुनेछ। प्रतिस्पर्धामा सफलता हात लाग्नेछ।
- **तुला** : व्यक्तिगत कार्यहरूलाई पनि योजनाबद्ध तरिकाले पूरा गर्नुहोस् सफलता मिल्नेछ।
- **वृश्चिक** : धैर्य र पराक्रममा वृद्धि हुनेछ। रोकिएका कार्यहरू पुन: प्रारम्भ हुनेछन्।
- **धनु** :चलाउँदा सावधान रहनुहोला। असंयमित व्यवहारले समस्या निम्ताउला।
- **मकर** : ठेक्कापट्टाबाट लाभ उठाउन सकिनेछ। सहकार्य गर्ने अवसर मिल्नेछ।
- **कुम्भ** :नयाँ प्रस्तावहरू मिल्नेछन्। विद्यार्थीहरूको पठनपाठनमा मन लाग्नेछ।
- **मीन** : कार्यक्षेत्रमा कुनै निराधार आरोपको सामना गर्नुपर्ला। धर्मकर्ममा मन लाग्नेछ।

## विज्ञान/सूचना प्रविधि


# कति समयपछि बदल्नुपर्छ वाईफाई राउटर ?



घरमा एकपटक वाईफाई जडान गरेपछि धेरैजसो प्रयोगकर्ताले राउटरलाई वर्षौंसम्म वा नबिग्रिएसम्म चलाइरहने गर्छन् । तर, अन्य विद्युतीय उपकरण जस्तै वाईफाई राउटरको पनि निश्चित 'एक्स्पायरी डेट' हुने र पुरानो राउटरका कारण इन्टरनेटको गति मात्र नभई व्यक्तिगत गोपनीयता समेत खतरामा पर्न सक्ने विज्ञहरूले औंल्याएका छन् । सामान्यतया वाईफाई राउटरको कुनै लिखित म्याद समाप्त हुने मिति नभए पनि प्रविधिको विकास र सुरक्षाका दृष्टिकोणले ४ देखि ५ वर्षमा राउटर बदल्नु उपयुक्त हुने मानिन्छ । अमेरिकाको कन्जुमर रिपोर्ट्स जस्ता संस्थाहरूका अनुसार ३ देखि ५ वर्ष पुराना राउटरहरूलाई अपग्रेड गर्नु जरुरी छ । पुरानो राउटर प्रयोग गरिरहँदा प्रयोगकर्ताले इन्टरनेटको स्पिड कम हुने देखि लिएर सिग्नल नटिप्ने जस्ता थुप्रै समस्या झेल्नुपर्ने हुन्छ । पुरानो राउटर चलाउँदा हुने सबैभन्दा ठूलो बेफाइदा भनेको इन्टरनेटको सुस्त गति हो । धेरैजसो पुराना राउटरहरू 'वाईफाई ४' वा 'वाईफाई ५' जस्ता पुराना स्ट्यान्डर्डमा आधारित हुन्छन् । यस्तो अवस्थामा प्रयोगकर्ताले १०० एमबीपीएसको महँगो प्लान लिए पनि राउटरको क्षमता कम हुँदा ३०-४० एमबीपीएस मात्र स्पिड प्राप्त हुने गर्दछ । जबकि नयाँ 'वाईफाई ६' प्रविधिका राउटरहरूले उच्च गतिको इन्टरनेट प्रवाह गर्न सक्छन् । गतिको तुलनामा सुरक्षाको विषय अझ गम्भीर छ । धेरै वर्ष पुराना राउटरहरूका लागि उत्पादक कम्पनीले सृटवेयर अपडेट दिन बन्द गरिसकेका हुन्छन् । यस्तोमा सुरक्षा कवच नभएका पुराना राउटरहरू ह्याकरको सजिलो निशाना बन्ने गर्छन्, जसका कारण प्रयोगकर्ताको व्यक्तिगत विवरण, पासवर्ड र बैंक विवरणहरू चोरी हुने जोखिम उच्च रहन्छ । नयाँ राउटरहरू भने आधुनिक सुरक्षा प्रोटोकल (डब्लूपीए ३) सँग आउने हुनाले तुलनात्मक रूपमा सुरक्षित हुन्छन् । सैगरी, राउटरभित्रका एन्टिना र अन्य पार्टपूर्जाहरू समयसँगै तातेर कमजोर हुने हुनाले सिग्नलको रेन्ज घट्दै जान्छ । नयाँ राउटरहरूमा 'बिमफर्मिङ' जस्ता आधुनिक प्रविधि हुने भएकाले यसले सिग्नललाई सिधै डिभाइसतर्फ केन्द्रित गरी राम्रो रेन्ज प्रदान गर्छन् । साथै, आजकल घरमा ल्यापटप, स्मार्ट टिभी, एलेक्सा र स्मार्ट बल्ब जस्ता धेरै डिभाइसहरू वाईफाईमा कनेक्ट हुने गर्छन् । पुरानो राउटरले यति धेरै लोड धान्न सक्दैन, तर नयाँ राउटरमा हुने 'MU–MIMO' प्रविधिले एकैसाथ धेरै उपकरणहरूलाई सहजै व्यवस्थापन गर्न सक्छ ।

*-रातोपाटी डटकम*

# एनसेलले दैनिक १०० एमबी नि:शुल्क डेटा दिँदै




एनसेलले ग्राहकका लागि एनसेल एपमार्फत दैनिक १०० एमबी नि:शुल्क डेटा पाइने अफर सञ्चालनमा ल्याएको छ । यसका साथै ग्राहकले हरेका हप्ता आकर्षक डेटा भोल्युम पुरस्कार स्वरूप जित्न सक्छन् । ग्राहक अनुभव अभिवृद्धि र डिजिटल प्रयोगलाई प्रोत्साहन गर्ने आफ्नो प्रतिबद्धता बमोजिम कम्पनीले यो अफर सञ्चालनमा ल्याएको हो । यस अफरअन्तर्गत सबै एनसेल ग्राहकहरूले हरेक दिन एनसेल एपको बाई प्याक मेनुमा गई १०० एमबी नि:शुल्क डेटा सक्रिय गर्न सक्छन् । यसले ग्राहकलाई एपका विभिन्न सुविधाहरू प्रयोग गर्दै सधैं कनेक्टेड रहन मद्दत गर्दछ । यो अफरको उद्देश्य ग्राहकलाई आधारभूत ग्राहक सेवा भन्दा बाहिर गएर डिजिटल जीवनशैली अपनाउन प्रेरित गर्नु हो । एनसेल एप डिजिटल माध्यमबाट सजिलै विभिन्न ग्राहक सेवाहरू लिन सकिने एक प्लेटफर्म हो जसले रिचार्ज सेवा, डेटा तथा भ्वाइस प्याक खरिद, अन्य विभिन्न सेवालगायत गेमहरू एकै ठाउँमा उपलब्ध गराउँछ । सहज र छिटो पहुँचमार्फत ग्राहकहरूले यस एपबाट सहज रूपमा ग्राहक सेवाहरू लिन सक्छन् । ग्राहक संलग्नता थप बढाउन एनसेलले 'प्ले एन्ड वीन' अफर पनि ल्याएको छ, जसअन्तर्गत ग्राहकहरूले साप्ताहिक रूपमा एपमा आधारित गतिविधिहरूमा सहभागिता जनाएर ५० जीबीसम्म डेटा जित्न सक्छन्। प्रयोगकर्ताहरूले दैनिक रूपमा एपमा गई स्पीन द ह्वील, म्याथ च्यालेन्ज, एनसेल रनर, स्क्राच एन्ड वीन जस्ता गेमहरुमामा संलग्न भई आफ्नो अङ्कहरू सङ्कलन गर्न सक्छन् । हप्ताभरि सङ्कलन भएको अङ्कका आधारमा ग्राहकहरूको स्थान निर्धारण गरिन्छ र सोही अनुसार उनीहरूले आकर्षक डेटा पुरस्कारका रूपमा जित्नेछन् । प्रत्येक हप्ता कुल ३,४१० जना ग्राहकले डेटा पुरस्कारका रूपमा प्राप्त गर्नेछन्, जसमा शीर्ष १० जनाले ५० जीवी डेटा प्राप्त गर्नेछन् । उत्कृष्ट १ देखि १० जना ग्राहकहरूले जनही ५० जीवी डेटा प्राप्त गर्नेछन् भने ११ देखि ६० स्थानसम्मका ग्राहकहरूले १० जीवी, ६१ देखि १६० स्थानसम्मका ग्राहकहरूले ५ जीवी, १६१ देखि ४१० स्थानसम्मका ग्राहकहरूले १ जीवी, ४११ देखि ९१० स्थानसम्मका ग्राहकहरूले ५०० एमबी र ९११ देखि ३,४१० स्थानसम्मका ग्राहकहरूले जनही १०० एमबी डेटा पुरस्कार प्राप्त गर्नेछन् । यो नि:शुल्क डेटा अफर एनसेलको डिजिटल समावेशीकरण तथा ग्राहक संलग्नता अभिवृद्धि गर्ने योजना अन्तर्गत सञ्चालनमा ल्याइएको हो । दैनिक नि:शुल्क डेटा र विभिन्न क्रियाकलापमार्फत ग्राहक अनुभव अभिवृद्धि गर्दै एनसेलले डिजिटल पहुँचलाई अझ आकर्षक, सहभागितामूलक र सबैका लागि सहज बनाउने लक्ष्य राखेको छ ।

*-हाम्रा कुरा डटकम*

# चिनियाँ शीर्ष नेताले देखेका ६ चामत्कारिक क्षेत्र



सन् २०२६ चीनको १५औं योजना थालनीको वर्ष हो । पञ्चवर्षीय योजनाको चक्रले लामो समयदेखि चीनको आर्थिक तथा औद्योगिक दिशा तय गरेको छ । गत जनवरी ३० को साँझ चोङ्नाहाईको हाउइरेन हलमा चीनको शीर्ष नीति निर्माण संस्था अर्थात् चिनियाँ कम्युनिष्ट पार्टीको राजनीतिक ब्युरोको पहिलो सामूहिक अध्ययन सत्र सुरु भयो । अध्ययन सत्रमा चीनको शीर्ष नेतृत्व पंक्ति उल्लेखनीय रूपमा बृहत् आर्थिक सहायता वा भूराजनीतिक विषयमा केन्द्रित थिएन । त्यसको साटो उनीहरू सिधै योजनाको केन्द्रीय अवधारणामा केन्द्रित देखिन्थे । जसमा भनिएको छ, 'आगामी दिनमा बन्ने उद्योगलाई भविष्यमुखी रूपमा विकास गराउने एवं लागु गराउने ।' वर्षको पहिलो नीतिगत बैठकले नै स्पष्ट रूपमा आगामी दिनका लागि दिशाबोध गराएको छ । निश्चय पनि चीनका हकमा यो अनौठोचाहिँ होइन । चिनियाँ अधिकारीहरूले पढेर सुनाएको दस्तावेजको अन्तर्यमा एउटा स्पष्ट सन्देश थियो- अब चीनको आर्थिक गतिविधि सञ्चालनको तरिकामा आधारभूत फेरबदल हुँदैछ । घोषणामा परेका वटा क्षेत्रहरू हुन: क्वान्टम प्रविधि, बायोम्यानुयाक्चरिङ, हाइड्रोजन ऊर्जा तथा न्युक्लियर फ्युजन, दिमाग र कम्प्युटर जोड्ने 'ब्रेन-कम्प्युटर इन्टरफेस', 'इम्बोडिईड इन्टेलिजेन्स' तथा 'सिक्स-जी'। यिनै क्षेत्र अब आउने दशकमा चीनको धन र रणनैतिक लाभको क्षेत्र हुनेछन् । आउनुस्, ती सबै रुपान्तरणकारी योजनालाई हेरौँ ।

**१. 'इम्बोडिइड इन्टेलिजेन्स' अर्थात् शरीरसहितको 'एआई'**

सन् २०२५ लाई 'मानवशैलीमा निर्मित रोबोटहरूको पहिलो वर्ष' का रूपमा लिइएको छ । यसअघि नै हामीले टेस्ला कम्पनीको 'अप्टिमस' तथा चीनको 'उब्टेक' र 'चियुआन' जस्ता रोबोटहरूले उद्योगमा बाकस ओसारपसार गरेको देखेका छौँ । बाटोका अवरोधहरू छलेर नलडी हिँडेर आफ्नो काम गर्छ । परम्परागत रोबोटले निश्चित कामहरू दोहोर्‍याउँथे । 'एसेम्ब्ली लाइन' मा उही प्रकारका दोहोरिने काम गर्ने त्यस्ता रोबोटहरू परिस्थिति फेरिनासाथ काम गर्न नसक्ने हुन्थे । तर अबको योजनामा तयार हुने 'इम्बोडिइड इन्टेलिजेन्स' मा दिमाग र सेरिबेल्लमको संयोजन हुन्छ । त्यस्ता रोबोटले जटिल काम पनि सिक्न र गर्न सक्छन् । अव्यवस्थित संरचनामा पनि आफूलाई अनुकूल बनाउन सक्छन् । मान्छेको बोलीचाली वा भाषा बुझ्छन् । मसिनो गरी काम गर्न सक्छन् । साथै अनपेक्षित परिस्थितिमा पनि आफूलाई अनुकूल तयार गरेर काम गर्न सक्छन् । यो समय रोबोटहरू स्वचालित यन्त्रबाट बुद्धिमान साझेदारका रूपमा निर्णायक परिवर्तनको घडी हुनेछ । नीतिगत दस्तावेजहरूले स्पष्ट रूपमा चीनको 'नयाँ देशव्यापी प्रणाली' लाई वास्तविक जीवनको परिदृष्यमा प्रयोग र विकास गर्ने उल्लेख गरेको छ । त्यसका लागि जोखिमपूर्ण कामहरू, बृद्ध नागरिकको हेरचाह तथा मिहिन र सटिक उत्पादनको काम हुने उद्योगलाई थप प्राविधिक परिपक्वतामा लैजान उपयोग गरिनेछ । यो काम आउने दशकका लागि 'स्मार्टफोन' कै स्तरको अवसर हुनेछ ।

**२. 'ब्रेन-कम्प्युटर' इन्टरफेस: उपचारदेखि मान्छेको क्षमता विकाससम्म**

सन् २०२५ विशभर 'ब्रेन-कम्प्युटर इन्टरफेस' अर्थात् 'बीसीआई' को बजार करिब ३ अर्ब अमेरिकी डलर पुगेको थियो । त्यसमा चीनमा उपचारका लागि हुने व्यापक मागको हिस्सा ठुलो थियो । 'न्युरालि' तथा चिनियाँ अनुसन्धानहरूले गरेको ब्रेकथ्रु लगत्तै बीसीआई प्रयोगशालाबाट चिकित्सा अभ्यासमा पुग्यो । खासगरी पक्षघात भएका बिरामीहरूको उपचारमा प्रयोग हुन थाल्यो । चीनको नीतिगत तर्क प्रस्ट छ: पहिला उपचारमा प्रयोग गर्ने । पछि त्यसलाई अन्य उपभोगमा पनि लैजाने । तत्कालै सुरु हुने पहिलो चरण अन्तर्गत पार्किन्सन, छारेरोग तथा पक्षघातको उपचारमा बीसीआईको प्रयोग सुरु हुँदैछ । त्यस क्षेत्रमा अहिलेका लागि सरकारी बीमा तथा नीतिगत सहायता बलियो पारिएको छ । चीनको सराकारी दस्तावेज अनुसार अहिले बीसीआईमा नीतिगत समर्थन तथा पुँजीगत लगानीको मुख्य जोड स्वास्थ्य उपचार तथा स्मरणशक्ति अभिवृद्धि गर्दै जीवनस्तर सुधार्नेमा हुनेछ । दोस्रो चरण अर्थात् ३ देखि ५ वर्षपछि निद्रा व्यवस्थापन, ध्यान अभिवृद्धि तथा 'भर्चुअल रियालिटी' अन्तर्क्रियामा केन्द्रित हुनेछ । दोस्रो चरणमा यो खालका प्रविधिलाई मानवमैत्री ढङ्गले ठुलो मात्रामा व्यावसायिक रूपमा अघि बढाइनेछ । त्यसले मान्छे र यन्त्रबिचको अन्तर्क्रियामा आधारभूत क्रान्ति ल्याउनेछ । धेरै कम्पनी अहिले लचिलो 'इलेक्ट्रोड' तथा 'न्युरल डिकोडिङ अल्गोरिदम' बनाउने काममा धमाधम लागेको देखिन्छ । जसले 'ओपन ब्रेन सर्जरी' लाई बीसीआईको सहज मानवमैत्री समाधानले विस्थापन गर्छ । उसैले बजारको ठुलो हिस्सा कब्जा गर्ने निश्चित छ ।

**३. 'सिक्स-जी' अर्थात पृथ्वी र अन्तरीक्षाको एकीकृत 'न्युरल नेटवर्क'** यदि तपाईं धर्तीको सतहबाट न्युन-उचाइको अर्थतन्त्र, स्वचालित सवारी सञ्चालन वा 'इम्बोडिईड इन्टेलिजेन्स' मा विश्वास गर्नुहुन्छ भन्ने 'सिक्स-जी' अपरिहार्य हुन्छ । जमिनमा आधारित स्टेसनहरूले आकाश र समुद्रलाई पूरै समेट्न सक्दैनन् । 'स्याटेलाइट इन्टरनेट' अनिवार्य हुन्छ । जुन आफैंमा राष्ट्रिय सुरक्षाको रणनीतिक आधार पनि बन्छ । 'फाइभ-जी' ले गतिको समस्या समाधान गरेको थियो भने अब 'सिक्स-जी' ले 'कभरेज' र 'ल्याटेन्सी' को समस्या समाधान गर्छ । सन् २०२६को सुरुवातमै चीनले दोस्रो चरणको सिक्स-जी प्राविधिक परीक्षण गरेको छ । भविष्यमा स्याटेलाइट नेटवर्कहरू तथा पृथ्वीको सतहका बेस स्टेसनहरू आपसमा जोडिएपछि सञ्चार क्षेत्रमा धेरै ठुलो परिवर्तनको पानीढलो फेला पर्नेछ । स्मार्टफोनहरूमा सोझै स्याटेलाइटको कनेक्टिभिटी सामान्य बन्नेछ ।

**४. न्युक्लियर फ्युजन तथा हाइड्रोजन: ऊर्जाको उच्चतम् स्वरुप**

चीनले कृत्रिम सूर्यको परियोजना सञ्चालन गरिरहेको छ, जसले अबका दिनमा दिगो 'फ्युजन रियाक्सन'मा नयाँ नयाँ रेकर्डहरू राख्दै जानेछ । अर्को मुख्य उपलब्धि व्यावसायिक रूपमा प्रयोग तथा सञ्चालन गर्न सकिने 'कन्ट्रोल्ड ृयुजन डेमोन्श्ट्रेसन रियाक्टर' हुनेछन् । ग्रिडमा जडान गरेरै बेच्ने प्रणालीका लागि समय लागे पनि हाइड्रोजन ऊर्जाले सङ्क्रमणकालीन समाधानको रूपमा काम गर्नेछ । यो सुरुमा ट्रक तथा ढुवानीमा प्रयोग हुनेछ । खासमा जिवाश्म इन्धनबाट पार पाउने एउटैमात्र व्यावहारिक बाटो यही बन्ने छ ।

**५.क्वान्टम प्रविधि**

परम्परागत कम्प्युटरहरू तथा 'कम्प्युटिङ' प्रविधि भनेको गोरुले गाडा तानेजस्तै हो । क्वान्टम प्रविधिले भने भौतिक विज्ञानको नियम विपरीत जस्तै लाग्ने 'डाइमेन्सनालिटी रिडक्सन स्ट्राइक' अर्थात् आयाम नै घटाउने स्तरको झट्काको प्रतिनिधित्व गर्नेछ । परम्परागत कम्प्युटरले एक-अर्को गर्दै पालैपालो शैलीमा 'कम्प्युटिङ' काम गर्छ । कुनै भुलभुलैयाको बाटो पत्ता लगाएजस्तै तरिकाले काम गर्छ । तर क्वान्टम कम्प्युटीङ भने नितान्त फरक हुन्छ । यसले एक प्रकारले 'ईश्वरीय दृष्टिमा' हेरेर काम गर्छ । एकैसाथ सबै तरिकाबाट प्रयास गरेर तत्काल सर्वाधिक उन्नत समाधान निकाल्छ । परम्परागत कम्प्युटरहरूले हजारौँ वर्ष लगाउन सक्ने औषधि पत्ता लगाउने काम सहजै समाधान हुनसक्छ । 'इन्ट्यांगलमेन्ट'को सदुपयोग गर्दै वित्तीय तथा प्रतिरक्षा क्षेत्रमा क्वान्टम सञ्चारले सैद्धान्तिक रूपमा ह्याक गर्नै नसकिने खालका सुरक्षा प्रणाली बनाउन सम्भव हुनेछ । क्वान्टम सेन्सिङले कुनै कुरा पत्ता लगाउने क्षमतालाई परमाणुको तहमा पुर्‍याउँछ । त्यसो हुँदा जमिनको सतहमुनिको स्रोतसाधन तथा समुद्रको गहिराइका पनडुब्बीहरू सहजै ठम्याउन सकिनेछ । जारी १५औं योजनामा चीनको ध्यान क्वान्टम प्रविधिलाई प्रयोगशालामा प्रदर्शनको विषयमा सीमित नराखी दैनिक जीवनमा विविध क्षेत्रमा उपयोग गर्न सक्ने स्तरमा पुर्‍याउने भनिएको छ । अबको समयमा जसले क्वान्टम प्रविधिमा नियन्त्रण गर्छ, आउने युगको क्वान्टम आणविक हतियार तथा सूचना सुरक्षा प्रणालीमा प्रभुत्व पनि उसैको हुनेछ ।

**६. 'बायोम्यानुयाक्चरिङ' अर्थात् सृष्टिको मौन क्रान्ति**

६ वटा क्षेत्रमध्ये सम्भवत: यो सबैभन्दा कम आकलन गरिएको क्षेत्र हुन सक्छ । परम्परागत सामग्रीहरू नाइलन तथा प्लास्टिक तयार गर्नका लागि खनिज तेल उत्खनन गर्नुपर्ने हुन्छ । यी पदार्थहरू अत्यधिक ऊर्जा खपत हुने तथा प्रदूषण सिर्जना गर्ने हुन्छन् । केही चिनियाँ कम्पनीहरू यसअघि नै अन्नबाली मकैको 'फर्मेन्टेसन'बाट पेट्रोलियमबाट बन्ने हाराहारीकै स्तरको नाइलन बनाउन थालिसकेका छन् । त्यसको लागत पनि ज्यादै न्यून छ । यसमा केवल आर्थिक नाफा-घाटाको कुरा छैन । ऊर्जा सुरक्षाको समीकरण पनि जोडिन आइपुग्छ । यदि बायो म्यानुयाक्चरिङले २० प्रतिशतमात्रै जीवाश्म इन्धनमा आधारित कच्चा पदार्थ विस्थापन गरेको अवस्थामा आयातित तेलमा चीनको निर्भरता नाटकीय रूपमा कम हुनेछ । राष्ट्रिय स्तरमा हेर्दा बायो म्यानुयाक्चरिङ पनि अर्को 'डामेन्सनालिटी रिडक्सन स्ट्राइक' हुनेवाला छ ।

*-अनलाइन खबर डटकम*

# आज विश्व स्वास्थ्य दिवस मनाइँदै




**पाल्पा,** चैत २३/आज विश्व स्वास्थ्य दिवस, नेपालमा पनि विभिन्न जनचेतनामूलक कार्यक्रम गरी मनाइँदैछ । विश्व स्वास्थ्य संगठनको स्थापना दिवसको अवसरमा हरेक वर्ष अप्रिल ७ का दिन यो दिवस मनाउने गरिन्छ ।

स्वास्थ्य प्रवर्द्धन गर्न, विश्वलाई सुरक्षित राख्न र जोखिममा परेकाहरूलाई स्वास्थ्य सेवा प्रदान गरी सबैका लागि गुणस्तरीय र पहुँच योग्य स्वास्थ्य सेवाका विषयमा ध्यानाकर्षण गर्ने मुख्य उद्देश्यसहित यो दिवस मनाउने गरिन्छ । पछिल्लो समय अधिकांस मानिसहरु डिप्रेसनको शिकार हुने गरेका छन् । डिप्रेसनको रोगीको संख्या घटाउन नेपालमा गरिबी र बेरोजगारी समस्या समाधान गर्नुपर्ने चिकित्सकहरुको भनाइ छ । स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउनुपर्ने आवश्यकतामा जोड दिँदै नेपालमा हरेक वर्ष विश्व स्वास्थ्य दिवस मनाउने गरिन्छ । विश्व स्वास्थ्य संगठनले सन् १९४८ मा दिएको स्वास्थ्यको परिभाषामा कुनै पनि व्यक्ति स्वस्थ हुनका लागि शारीरिक, मानसिक र सामाजिक रूपले पूर्ण रूपमा तन्दुरुस्त हुनु हो भनेको छ । यो परिभाषा अहिलेको अत्याधुनिक समयसम्म आधिकारिक परिभाषाको रूपमा स्थापित भएको छ । यस परिभाषामा निकै कमी-कमजोरी रहेको कुरा त्यतिबेलै रेनि डुबोस भन्ने विद्वानले व्यक्त गरेका थिए र तत्पश्चात् पनि धेरै अत्याधुनिक र सर्वमान्य परिभाषा आएका छन् तैपनि विश्व स्वास्थ्य संगठनले हालसम्म पनि यो परम्परागत परिभाषालाई परिमार्जन गरेको छैन । विश्व स्वास्थ्य संगठन विश्वभर स्वास्थ्य सम्बन्धी नीति-निर्माता र अनुगमन गर्ने प्रमुख संस्था हो तापनि यसले आफ्नो संकुचित स्वास्थ्यको अवधारणालाई सच्याउन तयार भएको देखिदैन ।

## स्काउट विद्यार्थी ‘साहसिक’...

...स्काउटले नैतिकसँगै व्यवहारिक ज्ञान प्रदान गर्ने भन्दै यसको माध्यमबाट समृद्ध रामपुर निर्माणका लागि सकारात्मक सोँचका साथ लाग्नु पर्नेमा नगर प्रमुख थापाले जोड दिए । उपप्रमुख बालकुमारी थापाले विद्यार्थीहरुको व्यक्तित्वसँगै नेतृत्व क्षमता विकासका लागि सबै विद्यालयमा स्काउट सञ्चालन गर्नु पर्ने बताइन् । उनले नगरपालिका भित्रका सबै विद्यालयमा स्काउट सञ्चालन र व्यवस्थापनका लागि थप कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता समेत व्यक्त गरिन् । साथै उनले ३ दिने तालिममा सहभागी विद्यार्थीहरुलाई साहसका साथ सुरक्षित तरिकाले साहसिक क्रियाकलापमा सहभागी हुन आग्रह गरिन । कार्यक्रममा स्काउटका राष्ट्रिय प्रशिक्षक सत्यनारायण शाहीले तालिमका क्रममा सिकाइने १० वटा गतिविधि विद्यार्थीहरुले राम्रोसँग सिकेमा विपद्को समयमा राहत तथा उद्धार कार्यमा सहयोग पुग्ने र सम्भावित क्षति कम गर्न महत्वपूर्ण भूमिका खेल्न सक्ने बताए । ३ दिन सम्म चल्ने सहासिक क्रियाकलाप आज सकिदै छ । समापनका दिन स्काउटको क्याम्प फायर हुने स्थानीय स्काउट रामपुरका सदस्य सचिव विकल काफ्लेले जानकारी दिए । साहसिक क्रियाकलापमा ओमेगा जम्प, मङ्की ब्रिज, कमाण्डो ब्रिज, नेट क्रसिङ, भर्टिकल क्लाईम्बिङ, रक क्लाईम्बिङ, र्‍याप्लिङ डाउन, सुपरम्यान जम्प, टायर क्रसिङ, र रोप क्रसिङका सहासिक क्रियाकलाप हुने छ । सहासिक क्रियाकलापको सहजिकरण स्काउटका राष्ट्रिय प्रशिक्षक सत्यनारायण शाही र रोजीना शाही सहित १६ जनाको टोलीले गरिहेका छन् । स्थानीय स्काउट रामपुरका प्रमुख आयुक्त सागर श्रेष्ठको अध्यक्षता, स्काउट सदस्य सरस्वती श्रेष्ठको स्वागतबाट अर्का सदस्य पुष्पराज ढकालको सञ्चालनमा उद्घाटन कार्यक्रम भएको थियो ।

## लुम्बिनी प्रदेश सभा बैंठक...

...प्रदेशलाई बलियो बनाउन स्वाभिमानमा आधारित शासन आवश्यक रहेको उनको भनाइ थियो । प्रदेश सभा सदस्य भोजप्रसाद श्रेष्ठले संविधान कार्यान्वयन, सुशासन र जनअपेक्षा पूरा गर्न प्राथमिकतामा पर्नुपर्ने बताए । दुई तिहाइ जनादेश प्राप्त सरकारले जनताको विश्वास जोगाउन ठोस काम गर्नुपर्ने उनको भनाइ थियो । कृषिमा मल, बीउबिजन र राहत प्याकेज नआएकोप्रति प्रश्न उठाउँदै उनले सरकारलाई स्पष्ट जवाफ दिन आग्रह गरे । प्रदेश सभा सदस्य अम्बिका काफ्लेले महिलामाथि हुने हिंसा अन्त्य हुन नसकेको भन्दै चिन्ता व्यक्त गरे । अर्का प्रदेश सभा सदस्य चन्द्रकेश गुप्ताले बलात्कारका घटनामा वृद्धि भएको भन्दै कडा कानुनी व्यवस्था आवश्यक रहेको धारणा राखे । प्रदेश सभा सदस्य मिनाकुमारी श्रेष्ठले वार्षिक योजना कार्यान्वयनमा ढिलाइ हुँदा बजेट फ्रिज हुने अवस्था आएको बताए । प्रदेश सभा सदस्य राजकुमार चौधरीले लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग गरे भने अर्का प्रदेश सभा सदस्य तारा थापाले कार्कीले आयोगको निष्पक्षतामाथि प्रश्न उठाए । यस्तै प्रदेश सभा सदस्य भूवनेश्वर चौधरीले सबै पक्षले इमानदारीपूर्वक जिम्मेवारी निर्वाह गर्नुपर्नेमा जोड दिए । प्रदेश सभा सदस्य भगवती अधिकारीले नयाँ राजनीतिक परिवेशमा जनताको जीवनस्तर सुधार हुन नसकेको भन्दै चिन्ता व्यक्त गरिन् । विज्ञापन नीतिले निजी सञ्चार माध्यमलाई असर पार्न सक्ने जोखिम औंल्याउँदै उनले लोकतन्त्र कमजोर बन्न सक्ने चेतावनी दिइन् । बैठकमा उठेका प्रश्नहरूको जवाफ दिँदै भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकालले अधिकांश योजना कार्यान्वयनमा रहेको र छिट्टै सम्पन्न हुने विश्वास व्यक्त गरे । प्रदेशसभाको अर्को बैठक मंगलबार आज दिउँसो १ बजे बस्ने जानकारी गराइएको छ ।

### खेलकुद समाचार

## आईपीएल क्रिकेटमा बैंगलुरुले लगातार दोस्रो जित



**काठमाडौं,** चैत २३/इन्डियन प्रिमियर लिग (आईपीएल) क्रिकेटमा रोयल च्यालेन्जर्स बैंगलुरुले चेन्नई सुपर किंग्सलाई ४३ रनले पराजित गरेको छ । एम चिन्नास्वामी रंगशालामा गएराति सम्पन्न खेलमा बैंगलुरुले दिएको २ सय ५१ रनको लक्ष्य पछ्याएको चेन्नई १९ ओभर ४ बलमा २ सय ७ रन बनाउँदै अलआउट भयो । बैंगलुरुका भुवनेश्वर कुमारले ३ विकेट लिए । ज्याकोब डफी, अभिनन्दन सिंह, क्रुनाल पाण्ड्याले समान दुई विकेट तथा सुयाष शर्माले एक विकेट लिए । चेन्नईका लागि सरफराज खानले सर्वाधिक ५० रन बनाए । टस हारेर ब्याटिङमा आएको बैंगलुरुले निर्धारित २० ओभरमा तीन विकेट गुमाएर चेन्नईविरुद्ध २ सय ५० रन बनाएको थियो । जितसँगै बैंगलुरुले प्रतियोगितामा चार अंक जोड्दै शीर्ष स्थान कायम गरेको छ । अहिलेसम्म तीन खेल खेलेको चेन्नई तीनै खेलमा पराजित हुँदै अंकविहीन छ । यस्तै आइतबार भएको खेलमा लखनउले विजयी सुरुवात गरेको छ । ऋषभ पन्तको अर्धशतकसँगै लखनउ सुपर जायन्ट्सले सनराइजर्स हैदरावादलाई ५ विकेटले हरायो । यस सिजनको लखनउको यो पहिलो जित हो । जितबाट पहिलो दुई अंक जोडेको लखनउ अंक तालिकाको ७ औं स्थानमा छ । राजीव गान्धी अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा हैदरावादले दिएको १ सय ५७ रनको लक्ष्य लखनउले १९ ओभर ५ बलमा पाँच विकेट गुमाएर पूरा गरेको हो ।

**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

### अर्थ/कर्पोरेट समाचार

## अब शुक्रबार पनि सेयर बजार खुल्ने




**पाल्पा,** चैत २३/अब शुक्रबार पनि सेयर बजार खुल्ने भएको छ । आइतबार बसेको नेप्से सञ्चालक समितिको बैठकले सोमबारदेखि शुक्रबारसम्म सेयर कारोबार हुने निर्णय गरेको हो ।

सरकारले शनिबार र आइतबार सार्वजनिक बिदा दिने निर्णय गरेपछि नेप्सेले पनि सोहीअनुसार शुक्रबार सेयर कारोबार खोल्ने निर्णय गरेको हो । यो निर्णय यही सातादेखि लागू हुनेछ । अब आइतबार भने सेयर बजार बन्द रहनेछ । यसअघि आइतबारदेखि बिहीबारसम्म सेयर कारोबार हुँदै आएको थियो ।

**सोमबार नेप्से बढ्यो**

सोमबार नेप्से परिसूचक ८३ दशमलव ३३ अंकले बढेको छ । नेप्से बढेसँगै २ हजार ७ सय ६० दशमलव ०२ विन्दुमा उक्लिएको छ । अघिल्लो दिन आइतबार नेप्से परिसूचक १ सय ५ दमलव ५० अंकले घटेर २ हजार ६ सय ७६ दशमलव ६८ विन्दुमा झरेको थियो । सो दिन १२ अर्ब ३८ करोड मूल्य बराबरको कारोबार भएको थियो । यसदिन नेप्से उच्च अंकले बढे पनि कारोबार रकममा भने आइतबारको तुलनामा कमी आएको छ । ३४५ वटा स्क्रिप्सको २ करोड ५१ लाख ५५ हजार ८५४ कित्ता सेयर १० अर्ब ९२ करोड ८५ लाख ६ हजार ८६३ रुपैयाँमा खरिदबिक्री भए । ८ वटा कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो । अपर लघुवित्त वित्तीय संस्था,भुजुङ्ग हाइड्रोपावर,रिडी पावर,नेसनल हाइड्रोपावर,सुपर खुडी हाइड्रोपावर,रिड्ज लाइन इनर्जी,सूर्यमूखी हाइड्रो इलेक्ट्रिक र होटल फरेस्टको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो । कारोबार रकमका आधारमा रिलायन्स स्पिनिङ मिल्स शीर्ष स्थानमा रह्यो ।

सो कम्पनीको १ अर्ब १३ करोड ५८ लाख ५८ हजार १५४ रुपैयाँमा खरिदबिक्री भए । हिमालयन रिइन्स्योरेन्सले ५४ करोडको कारोबार गर्दा एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्टले ४८ करोड,अपी पावरले ३१ करोड र रिडी पावरले ३० करोड मूल्य बराबरको सेयर कारोबार गरे । कारोबारमा आएकामध्ये २६४ वटा स्टक्सको मूल्य बढ्दा ३ वटाको मात्रै घट्यो ।

**निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

**सूचना प्रकाशित मिति : २०८२/१२/२४**

श्री दल बहादुर विश्वकर्माकी बुहरी, श्री विर बहादुर विश्वकर्माकी पत्नी, पाल्पा जिल्ला तानसेन न.पा. वडा नं. ५ बस्ने ना.प्र.प.नं. ३९-०१-८१-०४१४१, (पाल्पा) भएकी श्रीमती नरमता विश्वकर्माको नाममा यस विकास बैंकको तानसेन, पाल्पा शाखा कार्यालयमा बचत खाता नं. ००६०१९०००४०२२१००००००१ रहेकोमा निजको मिति २०८२/०१/१६ मा मृत्यू भएको र निज मृतक नरमता विश्वकर्माको नाममा यस विकास बैंकमा रहेको माथि उल्लिखित खाताको रकम भूक्तानीको माग गर्दै बाग्लूङ जिल्ला, बोवाङ गा.वि.स. वडा नं. ८ को परिवर्तित गण्डकी प्रदेश, बागलूङ जिल्ला ढोरपाटन न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल पाल्पा जिल्ला तानसेन न.पा. वडा नं. ५ बस्ने मृतक नरमता विश्वकर्माकी छोरी नाता पर्ने छलमता कामीले मृतकको मृत्यूदर्ता प्रमाण-पत्र (दर्ता नं. २०११०११६०५२३२-२) र अन्य आवश्यक कागजात सहित यस विकास बैंकमा निवेदन पेश गर्नू भएकोले उक्त रकममा अन्य कसैको हकदाबी लाग्ने भए सुचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस विकास बैंकमा आवश्यक सबूत प्रमाणका कागजात सहित निवेदन दिनुहुन अनूरोध छ । अन्यथा तोकिएको समयभित्र निवेदन पेश नभएमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक श्रीमती छलमता कामीलाई उल्लिखित व्यक्तिको खाताको रकम भूक्तानी भैजाने व्यहोराको लागि यो सुचना प्रकाशित गरिएको छ ।

गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई